# सिम्ता गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,२०७९

**प्रस्तावनाः**सिम्ता गाउँपालिकाको आर्थिक वर्ष 207९/0८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा 2२8 को उपधारा (2) बमोजिम सिम्तागाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (1) यस ऐनको नाम "आर्थिक ऐन, 207९" रहेको छ ।

(2) यो ऐन 207९ साल श्रावण 1 गतेदेखि सिम्ता गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः**गाउँपालिका क्षेत्रभित्रसम्पत्ति करका लागि अनुसूची (१) मा तोकिए बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**(१)** गाउँपालिकामा मोटरबाटोले छोएका घडेरी जग्गाहरुको मूल्याङ्कन अनुसूची१(क) बमोजिम हुनेछ ।

**(२)** गाउँपालिकामा मोटरबाटोले नछोएका घडेरी जग्गाहरुको मूल्याङ्कन अनुसूची१(ख) बमोजिम हुनेछ ।

**(३)** तोकिएको समयभित्र सम्पत्ति कर नबुझाएमा अनुसूची १ (ग) बमोजिम बिलम्ब शुल्क लाग्नेछ ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूची (2) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (3) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः**गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (4) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (5) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (6) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः**गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (7) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः**गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (8) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः**गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (9) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः**गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (10) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¥याफ्टीङ्ग शुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¥याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूची (11) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः**गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची(12) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१3) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१७. यस ऐनमा नतोकिएका अन्य कर, सेवा शुल्क र दस्तुर प्रचलित नेपाल कानुनमा व्यवस्था भई हालको प्रचलित दरमा र त्यस्तो कानुनमा उल्लेख नभएको विषयमा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**अनुसूची१**

**सम्पत्ती कर**

| **क्र.स.** | **मूल्याङ्न विवरण** | **करका दर** | |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| 1 | घर जग्गाको निम्न मूल्याङ्कनमा | | |
| | - पहिलो रु 10 लाख सम्ममा | कर नलाग्ने | |
| | - त्यस पछिको रु 10 लाख सम्ममा | रु 200 एकमुष्ठ | |
| | - त्यसपछिको रु 30 लाख सम्ममा | रु 1000 एकमुष्ठ | |
| | - त्यसपछिको रु 50 लाख सम्ममा | रु 5000 एकमुष्ठ | |
| | - त्यसपछिको रु 1 करोड सम्ममा | रु 10000 एकमुष्ठ | |
| | - त्यसपछिको बाँकी रकममा | 0।50 प्रतिशत | |

नोटः मूल्याङ्कन रकमलाई नजिकको लाखमा (Round Figure)परिणत गरी करको दर निर्धारण हुनेछ ।

**अनुसूची २**

**दफा ३ सँग सम्बन्धित**

**मालपोत / भूमि कर**

| क्र.सं. | व्यवसायको नाम तथा किसिम | करको दर | कैफियत |
|---|---|---|---|
| 1 | छिन्चु जाजरकोट सडक खण्डको दायाँ बायाँ प्रति रोपनी | 55 | |
| 2 | गोजी देखि आली सडक खण्डको दायाँ बाँया प्रति रोपनी | 44 | |
| 3 | सिम्ता गाउँपालिका वडा नं १ देखि वडा नं ९ सम्मको खेतीयोग्य जमिन प्रति रोपनी | 22 | |
| 3 | घरको मूल्याङ्कन अनुसार एकीकृत सम्पत्ती कर (घरको मूल्य निकाल्दा प्रति स्क्यावर फिट)मा २ हजार | प्रति हजारमा रू २ वार्षिक | |

मालपोत लगायतका अन्य कर दस्तुर सोही आ.व. मा नबुझाउने करदाताहरुलाई गत वर्षको हकमा 10 र सो भन्दा अगाडीका वर्षहरुको हकमा करको दरमा 15% जरिवाना लाग्नेछ ।

**अनुसूची३**

**( दफा ४ सँग सम्बन्धित )**

**घर बहाल कर**

गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा बहाल रकमको १० प्रतिशतका दरले हुन आउने रकम घर बहाल करलाग्नेछ।

**अनुसूची 4**

**( दफा 5 सँग सम्बन्धित )**

**व्यवसाय कर**

| क्र.स. | व्यवसायको नाम तथा किसिम | कर | |
|---|---|---|---|
| 1 | **व्यापारिक वस्तु** | | |
| | - चारपाङ्ग्रे गाडी मर्मत | 2200 | |
| | - मोटरसाइकल मर्मत | 1100 | |
| | - रेडियो, घडी, मोबाइल तथा विभिन्न उपकरण समेत | 550 | |
| | - टायर पंचर टाल्ने र टायरमा हावा भर्ने | 550 | |
| | - सवारी टेन्ट र पेन्ट गर्ने पसल | 550 | |
| | - साईकल, कुकर, पंखा, छाता, स्टोभ मर्मत | 220 | |
| | - पटके व्यवसाय कर , घुमन्ते व्यवसाय कर मेशिन प्रयोग गरेमा | 1100 | |
| | - अन्य घुमन्ते कर | 550 | |

| क्र.स. | व्यवसायको नाम तथा किसिम | कर | |
|---|---|---|---|
| 2 | **स्वास्थ्य सेवा तर्फ** | | |
| | - दन्त चिकित्सक | 1100 | |
| | - मेडिकल | 1100 | |
| | - ल्याब सहितको मेडिकल | 1650 | |
| | - सर्जिकल सामान बेच्ने पसल | 5500 | |
| 3 | **शिक्षा सेवा** | | |
| | - निजिस्तरबाट सञ्चालित मन्टेश्वरी | 550 | |
| | - आधारभुत तह निजी स्तर विद्यालय | 1100 | |
| | - मा.वि. तहका निजी विद्यालय | 2200 | |
| | - कम्प्युटर टाइपिङ तथा भाषा प्रशिक्षण केन्द्र | 1100 | |
| | - अन्तरराष्ट्रिय गैर सरकारी संस्था | 3300 | |
| 4 | **सञ्चार सेवा तर्फ** | | |
| | - साइबर तथा इन्टरनेट (रेडियो, पेजिङ्ग) आदी | 1100 | |

| | | | |
|---|---|---|---|
| | - फोन, फ्याक्स फोटोकपी | 550 | |
| | - रिचार्ड कार्ड डिलर | 1100 | |
| | - कुरियर सेवा | | |
| | - एफ.एम.रेडियो | | |
| | - नेपाल टेलिकम बाहेकका टेलिफोन संचालक | | |
| | - केवल नेटवर्क प्रतिग्राहक | | |
| **5** | **छपाई तथा प्रकाशन** | | |
| | - प्रेश | 3300 | |
| | - साधारण प्रेस | 1650 | |
| | - फोटोग्राफी | 800 | |
| **6** | **वित्तीय सेवा** | | |
| | - नेपाल सरकारको पूर्ण स्वामित्व रहेका बाहेक केन्द्रिय स्तरका बैंकहरू | 16500 | |
| | - वितिय कम्पनीको शाखा कार्यालय | 5500 | |
| | - सहकारी बैंक र बचत तथा ऋण सहकारी क श्रेणी २ करोड भन्दा कम कारोबार हुने | 2200 | |
| | - आर्थिक कारोबार गर्ने सहकारी संस्थाहरू ख श्रेणी २ करोड भन्दा कम कारोबार हुने | 1650 | |
| | - अन्य कारोबार गर्ने सहकारी संस्थाहरू | 550 | |
| | - बीमा कन्पनीहरू | 5500 | |
| | - मनिट्रान्सफर क श्रेणी | 2200 | |
| | - मनिट्रान्सफर ख श्रेणी | 2200 | |
| **7** | **होटल लज तथा रेष्टुरेन्ट बार (पर्यटन उद्योग)** | | |
| | - सामान्य स्तको लजिङ्ग फुडिङ्गको सुविधधा भएको होटल | 1100 | |
| | - राम्रो खालको रेष्टुरेन्टबार | 1100 | |
| | - सामान्य खालको रेष्टुरेन्टबार | 550 | |
| | - सामान्य खालको | | |
| | - टेन्ट हाउस | 2200 | |
| **8** | **चिया नास्ता तथा चाटपसल** | | |
| | - मिस्ठान्न भण्डार सहितको चिया नास्ता पसल | 1100 | |
| | - चियानास्ता पसल | 550 | |
| | - ग्रामिण क्षेत्रको चियानास्ता पसल | 220 | |
| | - चाटपसल | 220 | |

| | | | |
|---|---|---|---|
| 9 | **सुनचाँदी पसल** | | |
| | - थोक तथा मेशिनद्वारा गहना बिक्रि पसल | 5500 | |
| | - साना हाते गहना बनाई विक्रि गर्ने पसल | 2200 | |
| | - गहना बनाउने तथा मर्मत गर्ने पसल | 1100 | |
| 10 | **मदिरा पसल** | | |
| | - थोक बिक्रि पसल | 5500 | |
| | - डिलर बिक्रि पसल | 3300 | |
| | - खुद्रा बिक्रि पसल | 1100 | |
| 11 | **मासु पसल** | | |
| | - एक भन्दा बडी आइटम बेच्ने मासु पसल | 1100 | |
| | - राँगा, खसी र बंगुर मध्ये कुनै एक पसल | 550 | |
| | - माछा, कुखुरा,हाँस तथा अन्य पंछीको मासु पसल | 550 | |
| 12 | **स्टिल काठ फर्निचर कार्पेट बिक्रेता** | | |
| | - **क श्रेणी** | 5500 | |
| | - ख श्रेणी | 2200 | |
| 13 | **बेकरी उद्योग र बेकरी पसल** | | |
| | - बेकरी उद्योग | 1100 | |
| | - बेकरी पसल | 550 | |
| 14 | **मेटल वर्कसप** | | |
| | - क श्रेणी (ग्रिल सटर निर्माण समेत) | 2200 | |
| | - ख श्रेणी (सामान्य ग्रिल मर्मत) | 1100 | |
| 15 | **तरकारी र फलफुल पसल** | | |
| | - थोक पसल (क) | 550 | |
| | - थोक पसल (ख) | 330 | |
| | - थोक पसल (ग) | 220 | |
| | - खुद्रा पसल | 110 | |
| 16 | **मिलहरू** | | |
| | - टुकटुके र पानी मिल हलर | 550 | |
| | - सेलर मिल | 1100 | |
| 17 | **किराना तथा खाद्य पसल** | | |
| | - उच्च स्तरको किराना तथा खाद्य पसल (थोक सहितको किराना तथा खाद्य पसल) | 2200 | |
| | - मध्यम स्तरको किराना तथा खाद्य पसल | 1100 | |

| | | | |
|---|---|---|---|
| | (बिक्रि) कक्षाको अतिरिक्त गोदाम समेत राखेको किराना तथा खाद्य पसल | | |
| | - निम्न स्तरको किराना तथा खाद्य पसल | 550 | |
| | - दैनिक उपभोग्य खाद्य पसल | 550 | |
| | - सामान्य घुम्ती पसल | 330 | |
| 18 | **काँचो कपडा, रेडिमेट फेन्सी तथा जुत्ता पसल र टेन्ट हावस** | | |
| | - उच्च स्तरको पसल (गोदाम समेत) राखेका थोक पसल | 3300 | |
| | - मध्यम स्तरको पसल (बिक्री कक्षको अतिरिक्त गोदाम राखेको पसल) | 2200 | |
| | - सामान्य स्तरको पसल (सामान्य विक्रि कक्षमात्र भएको पसल) | 1100 | |
| | - निम्न स्तरको पसल सानो बिक्रि कक्षमात्र भएको पसल | 550 | |
| | - उन तथा उनको कपडा थोक बिक्रेता | 1100 | |
| | - सामान्य घुम्ती पसल | 220 | |
| | - शाखा डिलर | 2200 | |
| 19 | **प्लास्टिक जन्य पसल** | | |
| | - थोक पसल | 1100 | |
| | - खुद्रा पसल | 550 | |
| 20 | **कम्प्युटर, मोबाइल, टिभि, रेडियो, घण्टी तथा अन्य विद्युतिय सामान बेच्ने इलेक्ट्रोनिक पसल** | | |
| | - कम्प्युटर, टिभि आदि डिलर तथा ठुलो पसल | 2200 | |
| | - कम्प्युटर, टिभि आदि मध्ये कुनै एकको डिलर भएता पनि सानो पसल | 1100 | |
| | - सामान्य किसिमको पसल | 550 | |
| | - रेडियो घडी मात्र राखेको सामान्य पसल | 550 | |
| 21 | **सवारी साधन बिक्रीमा** | | |
| | - चारपाङ्ग्रे गाडि सोरूम तथा बिक्रिमा | 3300 | |
| | - मोटरसाइकल सोरूम तथा बिक्रिमा | 2200 | |
| 22 | **भाडा पसल** | | |
| | - क श्रेणीमा पर्ने (सजावट तथा उपहारका सामान समेत राखेको) | 2200 | |

| | | | |
|---|---|---|---|
| | - ख श्रेणीमा पर्ने | 1100 | |
| | - ग श्रेणीमा पर्ने | 550 | |
| 23 | **कुखुरा पसल व्यवसाय** | | |
| | - 1000 भन्दा बढि कुखुरा पाल्ने फर्म | 1100 | |
| | - ५०० देखि १००० सम्म कुखुरा पाल्ने फर्म | 550 | |
| | - ५०० भन्दा कम कुखुरा पाल्ने फर्म | 330 | |
| 24 | **स्टेशनरी तथा पुस्तक** | | |
| | - स्टेशनरी सामान्य पुस्तक तथा पत्रपत्रिकाको थोक सहितको पसल | 1100 | |
| | - स्टेशनरी सामान्य पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल | 550 | |
| | - स्टेशनरी मात्र वा पुस्तक पसल | 550 | |
| 25 | **निर्माण सामग्री (हार्डवेयर, शिक्षा तथा विद्युत सामग्री पसल** | | |
| | - उच्च स्तरको पसल | | |
| | - मध्यम स्तरको पसल | 1650 | |
| | - सामान्य स्तरको पसल | 1100 | |
| 26 | **फोटो स्टुडियो** | | |
| | - उच्च स्तरको पसल (कलर ल्याब समेत भएको) | 2200 | |
| | - मध्यम स्तरको पसल | 1100 | |
| | - सामान्य स्तरको पसल | 550 | |
| 27 | **सैलुन तथा ब्युटीपार्लर पसल** | | |
| | - राम्रो स्तरको पसल ४ सिट भन्दा बढी | 550 | |
| | - सामान्य स्तरको पसल 4 सिट भन्दा कम | 330 | |
| 28 | **सिलाई कटाई** | | |
| | - क श्रेणीको पसल ( ४ भन्दा बढी मेशिन राखेको पसल) | 1100 | |
| | - ख श्रेणीको पसल (२ भन्दा कम मेशिन राखेको पसल) | 550 | |
| | - ग श्रेणीको पसल (२ भन्दा कम मेशिन राखेको पसल) | 330 | |
| 29 | **एग्रोभेट पसल** | | |
| | - क श्रेणीको पसल | 1100 | |
| | - क श्रेणीको पसल | 550 | |

| | | | |
|---|---|---|---|
| 30 | **थोक पसल** | | |
| | - मदिरा, बियर जस्ता मादक पदार्थमा | 5500 | |
| | - चुरोट, बिडी जस्ता धुमपान | 3300 | |
| | - पेट्रोल | 3300 | |
| | - अन्य डिलरमा | 1100 | |
| 31 | **विशेष, परामर्श तथा अन्य व्यावसायिक सेवा** | | |
| | - चिकित्सक | 2200 | |
| | - कविराज | 1100 | |
| | - इन्जिनियर | 2200 | |
| 32 | **निर्माण सेवा** | | |
| | - सूचीकरण दर्ता शुल्क | | |
| | - सूचीकरण प्यानवाला | 330 | |
| | - सूचीकरण भ्याटवाला | 550 | |
| | - नेपाल सरकारका इजाजत प्राप्त क बर्गको निर्माण व्यावसायी | 22000 | |
| | - नेपाल सरकारका इजाजत प्राप्त ख बर्गको निर्माण व्यावसायी | 16500 | |
| | - नेपाल सरकारका इजाजत प्राप्त ग बर्गको निर्माण व्यावसायी | 13200 | |
| | - नेपाल सरकारका इजाजत प्राप्त घ बर्गको निर्माण व्यावसायी | 11000 | |
| | - घ वर्गका इजाजतपत्र नविकरण | 5500 | |
| | - कानून व्यावसायी वरिष्ट अधिवत्ता र अधिवक्ता | 2200 | |
| | - अभिकर्ता | 1100 | |
| | - लेखनदास | 550 | |
| | - लेखापरीक्षण क र ख श्रेणी | 2200 | |
| | - लेखापरीक्षण ग श्रेणी | 1100 | |
| | - लेखापरीक्षण घ श्रेणी | 1100 | |
| | - अनुसन्धानकर्ता तथा परामर्श दाता | 2200 | |
| | - कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | 1100 | |
| 33 | **चुरा पोते पसल** | | |
| | - क श्रेणी (ब्युटी पार्लर) | 550 | |
| | - ख श्रेणी | 330 | |
| 34 | **चस्मा पसल** | | |

| | | | |
|---|---|---|---|
| | - चिकित्सक सेवा सहितको | 1100 | |
| | - चिकित्सक सेवा रहितको | 550 | |
| **35** | **अन्य** | | |
| | - बिमा एजेन्ट | 1100 | |
| | - पशु चिकित्सक | 1100 | |
| | - सामान्य ढुवानी कम्पनी | 1100 | |
| | - नापी व्यावसाय | 3300 | |
| | - विज्ञापन एजेन्ट | 1100 | |
| | - प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत वार्षिक शुल्क | 5000 | |
| | - वैदेशिक रोजगार एजेन्ट | २२00 | |
| | - एयरलाइन्स र कार्गो सेवा | 2200 | |
| | - हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरिद विक्रि रियल स्टेट | 2200 | |
| | - सटिङ्ग सामानहरू | 2200 | |
| | - कवाडी सामान संकलन तथा बिक्री | 550 | |
| | - ड्राइ क्लिनर्स | 550 | |
| | - साइनबोर्ड बनाउने पेन्टिङ सेवा | 550 | |
| | - फुल र विरूवा बिक्रेता | 550 | |
| | - सिसा, प्लाइउड गिफ्ट बिक्रेता | 550 | |
| | - खेलौना र उपहार गिफ्ट बिक्रेता | 550 | |
| **36** | **औद्योगिक कारखाना तथा उद्योगहरूमा** | | |
| | - चामल, दाल, पिठो, तेल उत्पादन गर्ने र गल्ला खरीद सहित ठूलो उद्योगबाट | 2200 | |
| | - चामल, दाल, पिठो, तेल उत्पादन गर्ने मिनि प्लान्टमा | 1100 | |
| | - सामान्य पसल | 550 | |
| | - डेरी ठूलो पसल | 550 | |
| | - काठ, चिरान मिलमा | 1650 | |
| | - फर्निचर, काठ, चिरान मिलमा | 2200 | |
| | - सिमेन्ट, रोडी, बालुवा प्रयोग गरी ह्याम पाइप, पिलर, रिङ, ब्लक, गमला बनाउनेबाट क श्रेणी | 1100 | |
| | - सिमेन्ट, रोडी, बालुवा प्रयोग गरी ह्याम पाइप, पिलर, रिङ, ब्लक, गमला बनाउनेबाट ख श्रेणी | 880 | |

| | | | |
|---|---|---|---|
| | - सिमेन्ट, रोडी, बालुवा प्रयोग गरी ह्याम पाइप, पिलर, रिङ, ब्लक, गमला बनाउनेबाट ग श्रेणी | 550 | |
| | - प्लाइउडको कच्चा पदार्थ उत्पादन गर्ने उद्योगबाट | 550 | |
| | - पाउरोटी सर्वत बनाउने उद्योगबाट | 550 | |
| | - बिना चिम्नीका इटा भट्टा उद्योगबाट | 3300 | |
| | - चिम्नी भएको इटा भट्टा उद्योगबाट | 5500 | |
| | - मैनबत्ती उद्योगबाट | 330 | |
| | - साबुन सोडा उत्पादन उद्योगबाट | 330 | |
| | - चाउमीन उत्पादन उद्योगबाट | 330 | |
| | - काठको गिलास ठेकी उत्पादन उद्योगबाट | 550 | |
| | - सटर ग्रिल उद्योगबाट | 2200 | |
| | - सोलार व्यवसाय | 2200 | |
| | - खरीबोका बिक्रि केन्द्र | 1100 | |
| | - जडिबुटि बिक्रि तथा प्रशोधन | 1100 | |
| **37** | **साउन्ड सिस्टम भाडामा तथा बिक्रि** | | |
| | - डिपार्टमेन्टल सुपर मार्केटमा | 1100 | |

**पटके बजार तथा हाट बजार कर:**

| **क्र.स.** | **व्यवसाय** | **करका दर** | |
|---|---|---|---|
| 1 | फेन्सी कपडा प्रति पसल | 350 | |
| 2 | ठेका भाडा प्रति पसल | 200 | |
| 3 | माटोको भाडा प्रति पसल | 100 | |
| 4 | मादल प्रति पसल | 150 | |
| 5 | औजार भाडा प्रति पसल | 100 | |
| 6 | सुन चाँदी प्रति पसल | 400 | |
| 7 | चिया नास्ता प्रति पसल | 100 | |
| 8 | डाला नाङला प्रति पसल | 150 | |
| 9 | चुरा पोते प्रति पसल | 150 | |
| 10 | जिरा मसला प्रति पसल | 200 | |
| 11 | जडिबुटि प्रति पसल | 150 | |
| 12 | जुत्ता प्रति पसल | 300 | |
| 13 | अन्य पसल हेरेर | 100-200 | |

**अनुसूची-5**

**(जडिबुटी, कवाडी र जीवजन्तु कर)**

**काठ दाउरा जडिबुटी कवाडी र जीव जन्तु कर:**

| **क्र.स.** | **विवरण** | **दर** | **कैफियत** |
|---|---|---|---|
| 1 | काठ दाउराको विवरण | १ रूपैया ५० पैसा | प्रति क्यु फिट |
| | दाउरा | प्रति चट्टा रू १० | |
| 2 | **जडिबुटी** | | |
| | खोटो सकलन वापत | ५० पैसा | |
| | टिमुर | १रुपैया | |
| | काउलो | २५ पैसा | |
| | पाखनवेद | २५ पैसा | |
| | रिठा | २५ पैसा | |
| | गिठा | २५ पैसा | |
| | तेजपात | २५ पैसा | |
| | तेजपात बोक्रा | ५० पैसा | |
| | अमला | २५ पैसा | |
| | जीबन्ती बादर केरा | ५० पैसा | |
| | हर्रो | २५ पैसा | |
| | बर्रो | २५ पैसा | |
| | चिउरी | २५ पैसा | |
| | चुत्राको बोक्रा | २५ पैसा | |
| | चुत्राको डाठ | २० पैसा | |
| | सुगन्धवाल समायो | १ रुपैया | |
| | सुनगाभा | २ रुपैया | |
| | कवाडीरजीवजन्तुकर | २ रुपैया २० पैसा | |

**अनुसूची६**

**( दफा 7 सँग सम्बन्धित )**

**<u>सवारी साधन कर</u>**

| **क्र.स.** | **सवारी साधनको किसिम** | **करका दर** | |
|---|---|---|---|
| 1 | विद्युतिय रिक्सा | ३३०० | |
| 2 | अटोरिक्सा | २२०० | |
| ३ | ठेलागाडा तथा टाङ्गा | २०० | |

**अनुसूची 7**

**( दफा 8 सँग सम्बन्धित )**

**<u>विज्ञापन कर</u>**

**विज्ञापन कर:**

| **क्र.स.** | **विवरण** | **दर** | **कैफियत** |
|---|---|---|---|
| 1 | होडिङ्ग बोर्ड प्रति वर्ग मदिरा तथा सूर्ती जन्य बाहेकमा | 22 | |
| 2 | होडिङ्ग बोर्ड प्रति वर्ग फिट मदिरा तथा सूर्तीजन्य | 22 | |
| 3 | ब्यानर सडक वारपार भएको (बढीमा १५ दिन) | 110 | |
| 4 | ब्यानर पोलमा झुण्डाउने प्रति पिस (बढीमा १५ दिन) | 22 | |

नोटः माथि उल्लेखित छुट हुन गएका व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी उल्लेखित विषयसँग मेल खाने किसिमको दरमा रु ५००/- सम्म लिन सकिनेछ ।

ख) हरेक वर्ष नविकरण शुल्क दर्ता शुल्कको २० प्रतिशत हुन आउने रकम लाग्नेछ ।

ग) विलम्व शुल्कः वक्यौता रकमको प्रतिवर्ष थप 10 प्रतिशत लाग्नेछ ।

**अनुसूची 8**

**( दफा 9 सँग सम्बन्धित )**

**मनोरञ्जन कर**

| क्र.स. | मनोरञ्जनका साधन | करका दर | |
|---|---|---|---|
| 1 | सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शन स्थल, थिएटर, संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | 1100 | |
| 2 | जादु, सर्कस, चटक आदिमा प्रतिदिन | 250 | |
| 3 | ब्यावसायिक भिडियो कर | 1100 | |

**अनुसूची 9**

**( दफा 10 सँग सम्बन्धित )**

**बहाल बिटौरी शुल्क**

| क्र.स. | विवरण | दर | |
|---|---|---|---|
| 1 | प्रतिरोपनी जमिन | 110 | |
| 2 | प्रति टहरा | 550 | |
| 3 | बस पार्क | 550 | |
| 4 | सडक बाहेकका बाँकी क्षेत्रमा प्रति टहरा | 220 | |
| 5 | सडक बाहेकका बाँकी क्षेत्रमा प्रति रोपनी | 220 | |

**अनुसूची 10**

**( दफा 11 सँग सम्बन्धित )**

**पार्किङ्ग शुल्क**

| क्र.स. | विवरण | दर | |
|---|---|---|---|
| 1 | मोटरसाईकल | 5 | |
| 2 | कार, जीप, भ्यान | १५ | |
| 3 | अन्य ठूला सवारी साधन | २५ | |

## अनुसूची 11

**( दफा 12 सँग सम्बन्धित )**

**ट्रेकिङ्ग, कोयोकिङ, क्यानोयिङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर ऱ्याफ्टीङ्ग शुल्क**

गाउँसभाले आवश्यक ठानेमा पारित गरे बमोजिम हुने ।

## अनुसूची 12

**( दफा 13 सँग सम्बन्धित )**

**सेवा शुल्क, दस्तुर**

**मूल्याङ्कन सेवा शुल्क :**

| क्र.स. | मूल्याङ्कन | करका दर | |
|---|---|---|---|
| 1 | सम्पत्ती मूल्याङ्कन प्रति हजारको | रु 2 | |
| 2 | आयस्रोत प्रमाणित प्रति हजारको | रु 1 | |

**सिफारिश दस्तुर :**

| क्र.स. | सिफारिशको विवरण | करका दर | |
|---|---|---|---|
| 1 | वंशजको नागरिकता सिफारिश ( निवेदन दस्तुर सहित ) | 110 | |
| 2 | न्यायिक समिति निवेदन दस्तुर | २०० | |
| 3 | सामान्य सिफारिस | 110 | |
| 4 | सर्जिमिन सिफारिस | 330 | |
| 5 | जग्गा खरीद बिक्रि (ग) फाराम | 550 | |
| 6 | घर नक्सा पास (निवेदन) | 550 | |
| 7 | चार किल्ला प्रमाणित | 220 | |
| 8 | नाता प्रमाणित | 220 | |
| 9 | पञ्जिकरण दस्तुर (३५ दिन नाघेमा) | 220 | |
| 10 | विदेश जानका लागि सिफारिस | 220 | |
| 11 | नागरिकता प्रतिलिपी सिफारिस | 110 | |
| 12 | पञ्जिकरण प्रतिलिपि | 550 | |
| 13 | नाम थर शंशोधन सिफारिस | 220 | |
| 14 | खानेपानी, विद्युत, टेलिफोन जडान तथा नामसारी आवासीय | 110 | |
| 15 | खानेपानी, विद्युत, टेलिफोन जडान तथा नामसारी व्यवसायीक | 330 | |

| | | | |
|---|---|---|---|
| 16 | ट्रेस नक्सा निर्माण तथा प्रमाणित पहिलो कित्ता माग भएमा | 330 | |
| 17 | ट्रेस नक्सा प्रमाणित मात्र पहिलो कित्ता माग भएमा | 220 | |
| 18 | ट्रेस नक्सा १ कित्ता भन्दा बढी भाग भएमा प्रति कित्ता थप | 55 | |
| 19 | कम्प्यूटर **(English Type)** सिफारिस | 220 | |
| 20 | पेन्सन पट्टा सिफारिस (स्वदेशी संस्थामा) | 330 | |
| 21 | पेन्सन पट्टा सिफारिस (विदेशी संस्थामा) | 550 | |
| 22 | औद्योगिक प्रायोजनको लागि ठूलो सर्जिमिन दस्तुर | 550 | |
| 23 | औद्योगिक प्रायोजनको लागि सानो सर्जिमिन दस्तुर | 330 | |
| 24 | व्यवसायिक प्ारयोजनको लागि ठूलो सरर्जिमिन दस्तुर | 550 | |
| 25 | व्यवसायिक प्रायोजनको लागि सानो | 330 | |
| 26 | स्थायी ठेगाना प्रमाणित सिफारिस | 330 | |
| 27 | वडा सिफारिस | 110 | |
| 28 | मिलापत्र दस्तुर | 110 | |
| 29 | जग्गा दर्ता सिफारिस प्रतिरोपनी | 330 | |
| 30 | राजिनामा/बकसपत्र सिफारिस | 330 | |
| 31 | जग्गा सिमा विवादमा अमिन खटाई सिमाकन गर्नु पर्दा निवेदकले प्राप्ती उजुरी तिर्नु पर्ने सेवा शुल्क | 1100 | |
| 32 | फिल्ड रेखांकन पहिलो कित्ता | 1100 | |
| 33 | फिल्ड रेखांकन थप प्रतिकित्ता | 550 | |
| | **संस्था दर्ता तथा नविकरण** | | |
| | नयाँ दर्ता | 1100 | |
| 34 | नवीकरण सिफारिस | 330 | |
| ३५ | आयस्रोत प्रमाणित सिफारिस | 330 | |
| | **निजी विद्यालय थप कक्षा अनुमति सिफारिस** | | |
| | आधारभुत तह सम्मको लागि | 1650 | |
| 36 | मा.वि.तह सम्मको लागि | 2200 | |
| 37 | **उद्योग स्थापना सिफारिस** | 550 | |
| 38 | उद्योग नामसारी तथा ठाउँ सिफारिस | 550 | |
| 39 | पशु बस्तु (राँगा, भैंसी, गोरू) निकासी सिफारिस प्रतिगोटा | 55 | |
| 40 | खसी निकासी सिफारिस प्रतिगोटा | 55 | |

| | | | |
|---|---|---|---|
| 41 | गैर संघ संस्था, क्लब, कम्प्युटर, स्कुटर, गाडिको | 330 | |
| 42 | कृषि फर्म दर्ता | 330 | |
| 43 | घर जग्गा नामसारी | 330 | |
| 44 | गाउँपालिकाबाट गरिने सिफारिस | 330 | |
| 45 | सहकारी संस्था दर्ता शुल्क | 2200 | |
| ४६ | स्थायी प्रकृतिका समितिहरू दर्ता शुल्क | 2200 | |

**पुनश्च:**

गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएकाहरुको परिचय पत्र सम्बन्धी आर्थिक ,रुपमा विपन्नहरुको निशुल्क उपचार सम्बन्धी तथा प्राकृतिक प्रकोप सम्बन्धी सिफारिश दस्तुरमा आधा छुट दिईनेछ ।

**व्यक्तिगत घटना दर्ता:**

| **क्र.स.** | **घटना** | **बिलम्ब शुल्क** | |
|---|---|---|---|
| 1 | जन्म दर्ता | -२०० | |
| 2 | मृत्यु दर्ता | - २०० | |
| 3 | विवाह दर्ता | - २०० | |
| 4 | बसाई सराई गरी आउने | - २०० | |
| 5 | बसाई सराई गरी जाने | - २०० | |
| 6 | प्रतिलिपि सबै घटनाको | - ५०० | |
| 7 | सम्बन्ध विच्छेदको | - २०० | |

**पुनश्च :घटना दर्ताको हकमा घटना घटेको ३५दिन भित्र कुनै प्रकारको शुल्क लगाईने छैन ।**

**बिलम्ब शुल्क ब्यक्तिगत घटना दर्ता ऐन 2033 बमोजिम हुनेछ ।**

**नक्सा पास दस्तुर :**

| **क्र.स.** | **विवरण** | **करका दर** | **कैफियत** |
|---|---|---|---|
| 1 | आधुनिक **RCC** घरको | | |
| | - नक्सा पास निवेदनको | ५5० | |
| | नक्सापास गर्दा रेखाङ्कन शुल्क (ले आउट) | | |
| | - 65 वर्ग मि सम्म | 770 | |
| | - ६६ वर्ग मि देखि 90 सम्म | | |
| | - 91 वर्ग मि देखि ११५ वर्ग मि सम्म | | |
| | - 116 वर्ग मि देखि माथि | | |

| | | | |
|---|---|---|---|
| | - भुई तला र पहिलो तलामा प्रति वर्ग फिट | 1।10 | |
| | - दोस्रोतला र सो भन्दा माथिप्रति वर्ग फिट | 2।20 | |
| 2 | **लोड वियरिङ बनावटको ढलान तथा कडीपोल** | | |
| | - भुइतला | 1।37 | |
| | - प्रथम तला | 1।65 | |
| | - दोस्रो तला र सो भन्दा माथि | 1।65 | |
| | इट्टालाई सि.म.माले मसला जोडाई गरी बनेको जस्तो छाना भएको | | |
| | - भुइतला | 0।55 | |
| | - प्रथम तला | 0।82 | |
| | - दोस्रो तला र सो भन्दा माथि | 1।10 | |

**अनुसूची 13**

**( दफा 14 सँग सम्बन्धित )**

**पर्यटन शुल्क**

| **क्र.स.** | **पर्यटन स्थल** | **शुल्क** | |
|---|---|---|---|
| 1 | कोटको थुम्को | 22 | |
| 2 | भोटेचुली | 22 | |
| 3 | शिवालय पार्क | 22 | |
| 4 | मालिकाधुरी | 22 | |
| 5 | विउरे चुली | 22 | |

**अन्य शुल्क**

| **क्र.स.** | **विवरण** | **शुल्क** | **कैफियत** |
|---|---|---|---|
| 1 | क्रसर उद्योग संचालन वापत बार्षिक | 20000 | |
| 2 | व्यवसाय दर्ता नामसारी | 1000 | |
| 3 | अवैध कारोबार गर्ने व्यवसायीलाई दण्ड जरिवाना स्वरुप पहिलो पटक | 1000 | |
| 4 | दोश्रो पटक | 2000 | |
| 5 | तेश्रो पटक | 3000 | |
| 6 | अवैध कारोबारमा संलग्न सवारी साधनलाई दण्ड जरिवाना पहिलो पटक | 3000 | |

| | | | |
|---|---|---|---|
| 7 | दोश्रो पटक | 4000 | |
| 8 | तेश्रो पटक | 5000 | |
| 9 | कर छली गर्ने सरोकारवाला व्यक्तिलाई जरिवाना स्वरुप थप दस्तुर | 2000 | |
| 10 | लुगा पेल्ने ट्राक्टर मेसिनलाई संचालन गरे वापत बार्षिक दस्तुर | 1000 | |
| 11 | घुमन्ते व्यापारी (कपडा व्यापारी) | 1500 | |
| 12 | घुमन्ते व्यापारी अन्य | 1000 | |
| 13 | ठेलागाडी चाट पसल,आइस्क्रीम व्यापारीलाई बार्षिक | 1000 | |
| 14 | धारा जडान सिफारिस | 200 | |
| 15 | घर बाटो प्रमाणित | 200 | |
| 16 | सडक बाटो प्रमाणित | 500 | |
| 17 | बैदेशिक रोजगारका लागी गरिने सिफारिस र नाता प्रमाणित | 200 | |
| 18 | सगोल प्रमाणित | 150 | |
| 19 | अंशियार प्रमाणित | 200 | |
| 20 | बैदेशिक रोजगारका लागी प्रतिलिपी प्रमाण प्रमाणित | 500 | |
| 21 | सिम्ता गा.पा.को जे.सी.वी मार्फत कार्य गराए वापत १ घण्टाको | 1500 | |
| 22 | सिम्ता गा.पा.को टिप्पर मार्फत कार्य गराए वापत १ ट्रिपको | 1500 | |
| 23 | सिम्ता गा.पा.को एम्बुलेन्स प्रयोग गरे वापत सिम्ताबाट सुर्खेत वीरेन्द्रनगर | 5000 | |
| 24 | सिम्ता गा.पा.को एम्बुलेन्स प्रयोग गरे वापत सिम्ताबाट नेपालगंज | 7000 | |
| 25 | सिम्ता गा.पा.को एम्बुलेन्स प्रयोग गरे वापत सिम्ताबाट मेहेलकुना | 3000 | |
| २६ | प्राथमिक आँखा उपचार टिकट दस्तुर | ५० | |
| २७ | प्राथमिक ल्याब टिकट दस्तुर | १०० | |

नोटः माथि उल्लेखित बाहेक छुट हुन गएका सेवाको प्रकृति हेरी उल्लेखित विषयसँग मेल खाने किसिमको दरमा सेवा शुल्क तथा प्रमाणित दस्तुर लिन सकिनेछ ।